गण्डकी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

# प्रदेश जनस्वास्थ्य कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

जनस्वास्थ्य बुलेटिन
अंक: १६
महिना: चैत्र
आ. व: २०८२/८३


## जनस्वास्थ्य बुलेटिन- बैशाख २०८२

| मुख्य उपलब्धीहरु | मासिक कार्यक्रम सारांश |
|---|---|
| ☐ AI प्रयोग मार्फत स्वास्थ्य शिक्षा: स्वस्तिमा, डिजिटल साथी<br>☐ पोषण कार्यक्रमको समिक्षा तथा योजना गोष्ठी<br>☐ राष्ट्रिय भिटामिन 'ए' तथा जुकाको औषधि खुवाउने कार्यक्रम<br>☐ आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियमन) ऐन, २०४९ तथा नियमावली २०५१ सम्बन्धी सरोकारवाला अन्तरक्रिया कार्यक्रम<br>☐ सुर्तीजन्य पदार्थ तथा मदिरा नियमन तथा नियन्त्रण सम्बन्धी समन्वयात्मक बैठक<br>☐ निजि स्वास्थ्य संस्था अनुगमन कार्यक्रम<br>☐ स्वास्थ्य मन्त्रीद्वारा त्रिवेणी नाका स्वास्थ्य सहायता कक्षको अनुगमन<br>☐ ASRH सम्बन्धी अभिमुखीकरण कार्यक्रम | संचालित कार्यक्रम कुल संख्या: १९<br>कार्यक्रम प्रकारअनुसार:<br>तालिम: ००<br>अभिमुखीकरण: ०२<br>अन्तरक्रिया तथा गोष्ठी: ०३<br>स्थलगत अनुशिक्षण: ०६<br>अनुगमन तथा सुपरिवेक्षण: ०४<br>समिक्षा तथा अन्य बैठक: ०१<br>समुदाय साझेदारी कार्य: ०३ |

## संचालित कार्यक्रमहरुको विवरण

### AI प्रयोग मार्फत स्वास्थ्य शिक्षा: स्वस्तिमा, डिजिटल साथी

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) द्वारा AI प्रविधिको प्रयोगमार्फत स्वास्थ्य शिक्षा तथा सूचना प्रवाहलाई प्रभावकारी बनाउन "स्वस्तिमा" नामक डिजिटल साथीको विकास गरी नियमित रूपमा स्वास्थ्यसम्बन्धी जानकारी, शिक्षा तथा सञ्चार (IEC) सामग्री प्रसारण गर्ने कार्य भइरहेको छ। यस माध्यमबाट समुदायमा स्वास्थ्य सचेतना अभिवृद्धि, सही सूचना प्रवाह तथा डिजिटल स्वास्थ्य साक्षरता प्रवर्द्धनमा सहयोग पुगेको छ। समयसापेक्ष स्वास्थ्य सन्देश, सरसफाइ, पोषण, परिवार योजना तथा रोग रोकथामसम्बन्धी सामग्रीहरू सरल तथा आकर्षक ढंगले प्रस्तुत गरिँदै आएको छ।






## आ.व २०८१/८२ पोषण कार्यक्रमको समिक्षा तथा आ.व. २०८२/८३ कार्ययोजना गोष्ठी तथा अन्तरक्रिया

मिति २०८२/०१/०२ देखि २०८२/०१/०४ गतेसम्म प्रदेश जनस्वास्थ्य कार्यालयद्वारा जिल्लास्तरीय आ.व २०८१/८२ पोषण कार्यक्रमको समिक्षा तथा आ.व. २०८२/८३ का लागि पोषण कार्यक्रमहरुको कार्ययोजना गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रमको मुख्य उद्देश्य आ.व २०८१/८२ मा सञ्चालन भएका पोषण कार्यक्रमहरूको प्रगति, उपलब्धि तथा चुनौतीहरूको समिक्षा गर्नुका साथै आगामी आ.व २०८२/८३ का लागि प्रभावकारी कार्ययोजना निर्माण गर्नु रहेको थियो।






## राष्ट्रिय भिटामिन 'ए' तथा जुकाको औषधि खुवाउने कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को समन्वय तथा स्थानीय तहहरूको सहकार्यमा मिति २०८३ साल बैशाख ०६ र ०७ गते राष्ट्रिय भिटामिन 'ए' तथा जुकाको औषधि खुवाउने कार्यक्रम सफलतापूर्वक सञ्चालन सम्पन्न गरिएको छ। कार्यक्रममार्फत लक्षित उमेर समूहका बालबालिकाहरूलाई भिटामिन 'ए' क्याप्सुल तथा जुकाको औषधि वितरण गरी बाल स्वास्थ्य तथा पोषण सुधारमा सहयोग पुऱ्याइएको छ। स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका तथा सरोकारवालाहरूको सक्रिय सहभागितामा कार्यक्रम प्रभावकारी रूपमा सम्पन्न भएको थियो ।





## आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियमन) ऐन, २०४९ तथा नियमावली २०५१ सम्बन्धी सरोकारवाला अभिमुखीकरण तथा अन्तरक्रिया कार्यक्रम

मिति २०८२/०१/०५ गतेका दिन प्रदेश जनस्वास्थ्य कार्यालयद्वारा आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियमन) ऐन, २०४९ सम्बन्धी सचेतना तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रममा मध्यबिन्दु प्रादेशिक अस्पतालका बालरोग विशेषज्ञ, सम्पूर्ण स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखहरू, पोषण निरीक्षक, अस्पताल फार्मेसी प्रतिनिधिहरू, निजी पोलिक्लिनिकका चिकित्सक तथा सञ्चालकहरू, साथै संचारकर्मी तथा पत्रकारहरूको सहभागिता रहेको थियो। कार्यक्रमको मुख्य उद्देश्य आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियमन) ऐन, २०४९ का प्रावधानहरूबारे सरोकारवाला निकायहरूलाई सचेत गराउनु रहेको थियो ।






## सुर्तीजन्य पदार्थ तथा मदिरा नियमन तथा नियन्त्रण सम्बन्धी समन्वयात्मक बैठक

मिति २०८३/०१/११ गते प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को आयोजना तथा देवचुली नगरपालिकाको समन्वयमा देवचुली नगरपालिकामा सुर्तीजन्य पदार्थ तथा मदिरा नियमन तथा नियन्त्रण सम्बन्धी समन्वयात्मक बैठक सम्पन्न भयो । कार्यक्रममा जनप्रतिनिधि, सुरक्षा निकाय, शिक्षक–विद्यार्थी, व्यवसायी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो । बैठकमा सुर्तीजन्य पदार्थ तथा मदिरा नियन्त्रण, जनचेतना अभिवृद्धि तथा प्रभावकारी कार्यान्वयनका लागि समन्वय सुदृढ गर्ने विषयमा छलफल गरिएको थियो ।





## स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूको लागि आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी प्राथमिक उपचार अभिमुखीकरण कार्यक्रम-२ ब्याचमा सम्पन्न

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)को आयोजनामा स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूको लागि आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी प्राथमिक उपचार अभिमुखीकरण कार्यक्रम २ ब्याचमा सम्पन्न गरिएको थियो। कार्यक्रमको मुख्य उद्देश्य आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्यसँग सम्बन्धित सामान्य समस्याहरूको पहिचान तथा प्राथमिक उपचार सम्बन्धी ज्ञान तथा सीप अभिवृद्धि गर्नु रहेको थियो। कार्यक्रमको सहजीकरण प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत श्री छविलाल सुवेदीद्वारा गरिएको थियो।





## जिल्ला समन्वय समितिको वार्षिक समीक्षा कार्यक्रम : कार्यालयको आ.व. २०८१/८२ समीक्षा तथा आ.व. २०८२/८३ प्रगति प्रस्तुतिकरण

मिति २०८३/०१/१६ गतेका दिन जिल्ला समन्वय समितिका प्रमुख बाबुराम विश्वकर्माको अध्यक्षता तथा गण्डकी प्रदेश सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री माननीय गोविन्द बहादुर नेपालीको प्रमुख आतिथ्यतामा सम्पन्न समिक्षा कार्यक्रममा जिल्ला स्थित १२ वटा कार्यालयहरूले आ.व. २०८१/०८२ को प्रगति समीक्षा तथा आ.व. २०८२/०८३ को योजना प्रस्तुत गरेका थिए। यस क्रममा प्रदेश जनस्वास्थ्य कार्यालयको तर्फबाट जनस्वास्थ्य अधिकृत तथा सूचना अधिकारी श्री प्रविण कुमार खानालले कार्यालयका प्रमुख कार्यक्रम, उपलब्धि, बजेट कार्यान्वयन तथा सेवा प्रवाह सम्बन्धी प्रस्तुतीकरण गर्नुभएको थियो।





## Portable X-ray मार्फत छातीको रोगहरुको खोजपडताल कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालयको आयोजनामा तथा स्थानीय तहहरूको समन्वय र JANTRA को प्राविधिक सहयोगमा विभिन्न स्वास्थ्य संस्थाहरूमा Portable X-ray मार्फत छातीसम्बन्धी रोग तथा क्षयरोग (TB) खोजपडताल कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रमअन्तर्गत कुल ७७२ जनाको परीक्षण गर्दा १५ जना क्षयरोगका बिरामी पहिचान भएका छन् भने शंकास्पद २५ जनाबाट खकार नमुना संकलन गरिएको थियो। यस कार्यक्रमले समुदायमा लुकेर रहेका क्षयरोगका बिरामीहरूको प्रारम्भिक पहिचान, समयमै उपचारमा पहुँच सुनिश्चित गर्न तथा जनचेतना अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।







## निजि स्वास्थ्य संस्था अनुगमन कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालयले गण्डकी प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयको "स्वास्थ्य संस्थाको दर्ता, नवीकरण, अनुगमन तथा नियमन सम्बन्धी मापदण्ड, २०८२" अनुसार जिल्लाका निजी स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन गर्दै आएको छ। अनुगमनमा सेवा गुणस्तर, दर्ता नवीकरण अवस्था, जनशक्ति, औषधि–उपकरण, अभिलेख व्यवस्थापन तथा सरसफाइ लगायतका पक्षहरूको मूल्यांकन गरिँदै आएको छ। अनुगमन टोलीमा प्रदेश जनस्वास्थ्य कार्यालय तथा मध्यबिन्दु प्रादेशिक अस्पतालका स्वास्थ्यकर्मीहरूको सहभागितामा स्थलगत निरीक्षण, अभिलेख परीक्षण र सेवा सुधारका लागि आवश्यक सुझाव तथा निर्देशन प्रदान गरिँदै आएको छ।





## स्वास्थ्य मन्त्रीद्वारा त्रिवेणी नाका स्वास्थ्य सहायता कक्षको अनुगमन

मिति २०८३ बैशाख २१ गते गण्डकी प्रदेशका माननीय स्वास्थ्य मन्त्री श्री लक्ष्मण बहादुर पाण्डे ज्यूले त्रिवेणी ब्यारेजस्थित त्रिवेणी नाका स्वास्थ्य सहायता कक्षको अनुगमन गर्नुभएको छ। अनुगमनमा स्वास्थ्य मन्त्रालयका सचिव डा. युवानिधि बसौला, प्रदेश जनस्वास्थ्य कार्यालयका प्रमुख श्री केशव प्रसाद चापागाईं, स्थानीय जनप्रतिनिधि तथा सुरक्षाकर्मी लगायत सरोकारवालाहरूको सहभागिता रहेको थियो। अनुगमनका क्रममा नाकामा सञ्चालन भइरहेको स्वास्थ्य सेवाको अवस्था, सेवा प्रवाह तथा स्रोत साधनको व्यवस्थापनबारे जानकारी लिइएको साथै सेवा प्रवाहलाई थप प्रभावकारी, पहुँचयोग्य र गुणस्तरीय बनाउन आवश्यक सुझाव तथा निर्देशन प्रदान गरिएको छ।





## औलों केस-आधारित अनुसन्धान (Case-Based Investigation) बिनयी त्रिवेणी गाउँपालिका

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) द्वारा बिनयी त्रिवेणी गाउँपालिकाको समन्वयमा सोही गाउँपालिकाको वडा नं. ०४ मा देखा परेको औलों केसको केस-आधारित अनुसन्धान सम्पन्न गरिएको थियो। यस अनुसन्धानमार्फत संक्रमणको स्रोत पहिचान गर्न, थप रोग फैलिने सम्भावनाको मूल्याङ्कन गर्न, लक्षित नियन्त्रण तथा रोकथामका कार्यक्रम सञ्चालन गर्न, समुदायमा जनचेतना अभिवृद्धि गर्न तथा निगरानी प्रणालीलाई सुदृढ बनाउन सहयोग पुग्दछ। साथै, नेपाल सरकारले सन् २०२६ सम्म औलों उन्मूलन गर्ने लक्ष्य हासिल गर्न समेत यसले महत्वपूर्ण योगदान पुऱ्याउँछ।





## किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य (ASRH) सम्बन्धी अभिमुखीकरण कार्यक्रम

मिति २०८३ बैशाख २२ र २३ गते प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को आयोजनामा "किशोरकिशोरी यौन तथा प्रजनन स्वास्थ्य (ASRH) सम्बन्धी अभिमुखीकरण कार्यक्रम" सम्पन्न भएको थियो । कार्यक्रममा जिल्लाका स्थानीय तहका ASRH फोकल पर्सन, नर्सिङ कर्मचारी तथा विद्यालय स्वास्थ्य नर्सहरूको सहभागिता रहेको थियो। कार्यक्रममा किशोरकिशोरीमैत्री स्वास्थ्य सेवा, यौन तथा प्रजनन स्वास्थ्य अधिकार, मानसिक स्वास्थ्य, परामर्श सेवा, अभिलेखीकरण तथा समुदायस्तरमा जनचेतना अभिवृद्धि सम्बन्धी विषयमा अभिमुखीकरण गरिएको थियो। कार्यक्रममा अस्पताल नर्सिङ निरीक्षक उषा महतो तथा जनस्वास्थ्य अधिकृत सागर पराजुलीले सहजीकरण गर्नुभएको थियो।







## पोषण अवस्था लेखाजोखा कार्यक्रम- हुप्सेकोट गाउँपालिका

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) द्वारा हुप्सेकोट गाउँपालिकाको समन्वयमा मिति २०८३/०१/३० गते त्रिभुवन आधारभूत विद्यालय, पाङ्ग्रेमा पोषण अवस्था लेखाजोखा कार्यक्रम सम्पन्न गरिएको थियो । कार्यक्रम अन्तर्गत ३९ जना बालबालिकाको पोषण अवस्था मूल्याङ्कन गरिएकोमा सबै बालबालिकाको पोषण अवस्था सामान्य रहेको पाइयो। यस कार्यक्रमले बालबालिकाको पोषण अवस्थाको नियमित निगरानी, कुपोषणको प्रारम्भिक पहिचान तथा विद्यालयस्तरमा पोषणसम्बन्धी सचेतना अभिवृद्धिमा महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास गरिएको छ।






## स्थानीय तहका समस्या पहिचान तथा सम्बोधनका लागि क्षमता विकास कार्यक्रम

प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) द्वारा स्थानीय तहमा कार्यरत नयाँ जनस्वास्थ्य अधिकृत, त्रिवेणी नाकामा कार्यरत स्वास्थ्यकर्मी तथा विद्यालय नर्सहरूका लागि २ दिने क्षमता विकास कार्यक्रम मिति २०८३/०१/३० र ३१ गते सम्पन्न गरिएको छ।कार्यक्रममा जनस्वास्थ्य सेवा, रोग निगरानी, विद्यालय स्वास्थ्य, स्वास्थ्य सूचना प्रणाली, स्वास्थ्य प्रवर्द्धन तथा कानुनी व्यवस्थासम्बन्धी विभिन्न प्राविधिक सत्र सञ्चालन गरिएको थियो। कार्यक्रमले सहभागीहरूको पेशागत दक्षता अभिवृद्धि गर्दै प्रभावकारी जनस्वास्थ्य सेवा प्रवाह तथा रोग निगरानी प्रणालीलाई थप सुदृढ बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।





## प्रदेश जनस्वास्थ्य कार्यालयमा GIWMS, GIOMS, E-attendance

नेपाल सरकारको 'सरकारी कार्यालयको वेबसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका २०७८' बमोजिम, साथै सूचना प्रविधि विभाग, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको 'सम्पूर्ण सरकारी निकायको वेबसाईट अनिवार्य एकीकृत वेबसाईट व्यवस्थापन प्रणाली (GIWMS) मा आवद्ध गराउने निर्णय' बमोजिम, प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) ले आफ्नो वेबसाइट GIWMS प्लेटफर्ममा सफलतापूर्व आवद्ध गराएको जानकारी गराउँदछौं साथै नेपाल सरकारको 'सरकारी कार्यालयको ई हाजिरी व्यवस्थापन सम्बन्धी निर्देशिका' बमोजिम प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा कार्यालय कर्मचारीहरूको उपस्थिति व्यवस्थापनका लागि ई–हाजिरी प्रणाली (e-Attendance) पनि सुरु गरिएको जानकारी गराउँदछौं।





## ‘त्रिवेणी सुस्ता हेल्थ डेक्स (Health Desk)’ विशेष

### हेल्थ डेस्कबाट ‘चैत्र २०८२’ महिनामा प्रवाह गरिएको स्वास्थ्य सेवाहरुको विवरण



औलों जाचँ: २५३
डेंगी जाचँ: ७१
कोभिड-१९: ००
एच.आई.भी: १०६




औलों पोजेटिभ: ००
डेंगु पोजेटिभ: ००
कोभिड-१९ पोजेटिभ: ००
एच.आई.भी पोजेटिभ: ००

- कुल परिक्षण: ४३०
- जम्मा परामर्श सेवा गरेको संख्या: ११४७ (महिला: १५९, पुरूष: ९८८)
- जम्मा स्क्रिनिङ गरेको संख्या: ४३० (महिला: ३७, पुरूष: ३९३)
- जम्मा प्राथमिक उपचार गरिएको संख्या: ९७ (महिला: २१, पुरूष: ७६)

## जिल्लाका बैशाख महिनाका शीर्ष १० स्वास्थ्य समस्याहरुको सूची

| Rank | ICD-11 Code | स्वास्थ्य समस्या | केस संख्या | प्रतिशत (%) |
|---|---|---|---|---|
| 1 | DA63 | ग्यास्ट्राइटिस (APD) | २,५०९ | २१.८७% |
| 2 | BA00 | उच्च रक्तचाप (Hypertension) | १,३१७ | ११.४९% |
| 3 | CA40 | माथिल्लो श्वासप्रश्वास संक्रमण (URTI) | १,०९३ | ९.५३% |
| 4 | 5A11 | मधुमेह (Diabetes Mellitus) | १,०३१ | ८.९९% |
| 5 | NA00 | चोटपटक/घाउ (Cut Injuries) | ९५५ | ८.३२% |
| 6 | 1C62 | कुकुरले टोकेको (Dog Bite) | ८५० | ७.४१% |
| 7 | CA00 | राइनाइटिस (Rhinitis) | ७८० | ६.८०% |
| 8 | BD11 | COPD | ७२० | ६.२८% |
| 9 | FA20 | गठिया/आर्थराइटिस (Arthritis) | ६८५ | ५.९७% |
| 10 | EB00 | छालासम्बन्धी संक्रमण (Skin Infection/Cellulitis) | ५७७ | ५.०३% |



## सामाजिक संजालमा प्रदेश जनस्वास्थ्य कार्यालय- नवलपरासी (ब.सु.पू.)

**जे.ई. रोग विरुद्धको विशेष खोप अभियान २०८२ सम्बन्धी सूचना- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**




पुरा भिडियो को लागि यहा क्लिक गर्नुहोस

**जे.ई. रोग विरुद्धको विशेष खोप अभियान २०८२ सम्बन्धी सूचना- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)**





पुरा भिडियो को लागि यहा क्लिक गर्नुहोस

**राष्ट्रिय स्वास्थ्य शिक्षा, सुचना तथा संचार केन्द्रद्वारा तयार गरिएको जापनीज इन्सेफलाइटिस् बारे जनचेतनामूलक भिडियो प्रस्तुति**






**जिल्लाका १० सर्पदंश उपचार केन्द्र तथा स्वास्थ्य संस्थाहरु सम्बन्धी जानकारी भिडियो**






- एच. पि.भी खोप अभियान २०८१ सारांश भिडियो प्रस्तुति: https://www.facebook.com/61564852269142/videos/1251224415970599
- नसर्ने रोगहरुको पहिचानको लागि १ महिने महिना फागुण २०८१को सारांश भिडियो प्रस्तुति : https://www.facebook.com/61564852269142/videos/946614314129210


## राष्ट्रिय प्राथमिकता कार्यक्रम तथा प्रदेश अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन योजनासंग सम्बन्धित सूचकहरु मासिक तथा यस आ. व. २०८२/८३ को प्रगती विवरण




# स्थानीय तहमा भएका स्वास्थ्य कार्यक्रमहरुको सुची

## गैंडाकोट नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. स्थानीय तहको समस्या पहिचान तथा सम्बोधन विशेष कार्यक्रम
४. पूर्ण खोप सुनिश्चित कार्यक्रम
५. भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रम
६. विपन्न नागरिक औषधि उपचार कार्यक्रम

## देवचुली नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. ५ वर्ष मुनिका बालबालिकाहरुको पोषण अवस्था लेखाजोखा कार्यक्रम
३. पूर्ण खोप सुनिश्चित कार्यक्रम
४. भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रम
५. Portable X-ray मार्फत छातीको रोग पहिचान कार्यक्रम
६. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
७. प्रजनन रुग्णता शिविर संचालन

## मध्यविन्दु नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
३. पूर्ण खोप सुनिश्चित कार्यक्रम
४. भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रम
५. नि:शुल्क आँखा शिविर

## कावासोती नगरपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. पूर्ण खोप सुनिश्चित कार्यक्रम
३. भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रम
४. नियमित खोप मार्फत सरसफाई प्रवर्द्धन कार्यक्रम
५. पोषण कार्यक्रम

## बुलिङटार गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. निः शुल्क बाल रोग विशेषज्ञ सेवा, स्त्री तथा प्रसूति रोग सेवा आखाँ जाँच शिविर तथा नि:शुल्क भिडियो एक्स-रे (Video X-Ray) सेवा कार्यक्रम
३. अपाङ्ग, अशक्त र जेष्ठनागरीकहरुको स्वास्थ्य परीक्षण, तथा परामर्श कार्यक्रम
४. पूर्ण खोप सुनिश्चित कार्यक्रम
५. भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रम

## विनयी त्रिवेणी गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. पूर्ण खोप सुनिश्चित कार्यक्रम
३. सुनौलो १००० दिनका आमाहरुलाई पोषण बिशेष अभिमुखीकरण तथा पोषण लेखाजोखा कार्यक्रम
४. महिलाहरूको पाठेघरको मुखको क्यान्सर चेकजाँच स्वास्थ्य शिविर
५. भिटामिन ए तथा जुकाको औषधी खुवाउने कार्यक्रम


## हुप्सेकोट गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. पूर्ण खोप सुनिश्चित कार्यक्रम
३. MNH अनसाईट क्लिनिकल कोचिङ तथा मेन्टरिङ कार्यक्रम
४. FP लामो अवधीको परिवार योजना सेवा घुम्ती शिविर

## बौदीकाली गाउँपालिका

१. मासिक समिक्षा तथा कर्मचारी बैठक
२. सुत्केरी घरभेट जाँच कार्यक्रम
३. स्थानिय स्तरमा चिकित्सा सेवा बिस्तार कार्यक्रम
४. PNC कार्यक्रमको समीक्षा तथा योजना तर्जुमा गोष्ठी
५. स्वास्थ्य संस्थाहरुको न्युनतम सेवा मापदण्ड (MSS) स्वमूल्यांकन र संयुक्त मूल्यांकन कार्यक्रम
६. वृहत् पोषण कार्यक्रम



## जनस्वास्थ्य कार्यालयको 'जेष्ठ' का लागि कार्ययोजना

- निजी स्वास्थ्य संस्था (आधुनिक तथा आयुर्वेद चिकित्सा) संचालन अनुगमन, समन्वयात्मक बैठक तथा स्थलगत अनुशिक्षण,
- परिवार योजना र किशोरकिशोरी स्वास्थ्य सेवा कार्यक्रम संचालन अन्तर्गत किशोरकिशोरी सेवा विस्तार कार्यक्रम, तथा FP Data Pro तालिम, प्रजनन् स्वास्थ्य रूग्णता सेवा
- NTD सम्बन्धी अभिमुखीकरण कार्यक्रम
- विद्यालयलाई स्वास्थ्य प्रवर्धनात्मक विद्यालय प्रमाणीकरण गर्ने कार्यक्रम
- राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (आधारभूत तथा पुनर्ताजगी तालिम तथा स्वयंसेविकाको लागि सामग्री समेत)
- उपचारात्मक सेवा सम्वन्धि कार्यक्रमहरु; BHS (STP) सम्बन्धी तालिम

## जनस्वास्थ्य कार्यालयको अनुरोधहरु

- प्रदेश जनस्वास्थ्य कार्यालय, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गर्मी मौसममा जिल्लाबासीहरूलाई अत्यधिक गर्मीबाट जोगिन हल्का कपडा लगाउन, प्रशस्त पानी तथा झोलयुक्त खानेकुरा सेवन गर्न, तथा दिउँसोको चर्को घाममा सकेसम्म बाहिर ननिस्कन हार्दिक अनुरोध गर्दछ ।
- प्रदेश जनस्वास्थ्य कार्यालय गर्मी मौसममा देखिने विभिन्न स्वास्थ्य समस्याहरू जस्तै डिहाइड्रेसन, झाडापखाला, टाइफाइड, सनस्ट्रोक तथा छालासम्बन्धी समस्याबाट बच्न विशेष स्वास्थ्यमा ख्याल दिन र कुनै लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्न सम्पूर्ण जिल्लाबासीलाई अनुरोध गर्दछ ।

## सम्पर्कको लागि

**सूचना अधिकारी:** प्रविण कुमार खनाल, जनस्वस्थ्य अधिकृत, +९७७ ९८५७०७९२३६, honawalpur@gmail.com

**गुनासो सुन्ने अधिकारी:** केशव प्रसाद चापागाईं, जनस्वास्थ्य प्रशासक/कार्यालय प्रमुख, +९७७ ९८५७०४७९७६

**हेल्लो स्वास्थ्य (स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय):** ११९५

